आज मिति २०७९ साल मंसिर १३ गते मंगलबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा ८ (आठौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

४. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

५. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

६. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

७. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

८. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

९. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

१०.वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

११.वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१२.वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१३.वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१४.नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१५.नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१६.नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१७.नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१८.नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

१९. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२०.नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२१.नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

२२.सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) : श्री शिव प्रसाद लम्साल

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने सम्बन्धमा।
३. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. नगर स्थापना दिवसमा कार्यक्रम गर्ने सम्बन्धमा।
३. भकुण्डे अस्पताललाई अनुमति दिने सम्बन्धमा।
४. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

यस नमोबुद्ध नगरपालिकाको स्थापना भएको दिन मंसिर १६ गते श्रीमान् नगर प्रमुख कुनसाङ लामाज्यूको अध्यक्षतामा जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकका प्रमुख श्रीमान् दिपक कुमार गौतमज्यूको प्रमुख आथित्यमा र जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकका उप-प्रमुख श्रीमान् रिम बहादुर तामाङज्यूको विशेष आथित्यमा विविध कार्यक्रमहरु संचालन गरी नवौं नगर स्थापना दिवस भव्यताका साथ मनाउने।

निर्णय नम्बर ३:

यस नमोबुद्ध नगरपालिका वडा नम्बर ०७ स्थित श्री भकुण्डे हस्पिटलले १० शैयाको अस्पताल संचालन गर्न मिति २०७८/११/१२ गते यस नगरपालिकामा आवश्यक कागजात सहित निवेदन साथ अनुमति माग गरेको सन्दर्भमा नमोबुद्ध नगरपालिकाको मिति २०७९/०२/२० गतेको निर्णयानुसार पुनर्गठित अनुगमन समितिले विभिन्न मितिमा उक्त हस्पिटलको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन एवं सेवा प्रवाहको अनुगमन गरी हस्पिटल संचालन गर्नको लागि पूरा गर्नुपर्ने सम्पूर्ण मापदण्ड पूरा भएको र अनुमति प्रदान गर्न नगरपालिका समक्ष प्रतिवेदन साथ सिफारिस पेश गरेकोले श्री भकुण्डे हस्पिटललाई नमोबुद्ध

नगरपालिका स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ को परिच्छेद-२ को दफा ३ को (क) बमोजिम अनुमति दिने।